**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 10.08.2024**

**Jan Unmukti Diwas: CM Facebook**

सत्तारूढ सिक्किम क्रान्तिकारी मोर्चा पार्टीले आज रम्फू माइनिङ मैदानमा सातौँ जन उन्मुक्ति दिवस भव्य रूपमा मनायो। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ कार्यक्रमा मुख्य अतिथि हुनुहुन्थ्यो। कार्यक्रममा एसकेएम पार्टी कार्यकर्ताहरूले मुख्यमन्त्रीलाई भव्य स्वागत जनाए। उहाँले कार्यक्रमलाई सम्बोधन गर्दै भन्नुभयो, हाम्रो सामूहिक संकल्प र अटल विश्वासको प्रतीकका रूपमा यो दिन महत्त्वपूर्ण क्षण हो। यो उत्सव जमघट मात्र नभई हाम्रा जनताको लचिलोपन र शक्तिको प्रमाण हो। उहाँले एसकेएम पार्टी सधैँ आम जनताको आवाज बनेको अनि चुनौती र प्रतिकूलताको सामना गर्दै दृढतापूर्वक उभिएको बताउनुभयो। उहाँले भन्नुभयो, हामी राजनीतिक दलका रूपमा मात्र नभई हामीले प्रतिनिधित्व गर्ने जनताको सपना र आकांक्षाद्वारा सञ्चालित आन्दोलनका रूपमा निरन्तर लागिपरेका छौं। उहाँले लामो समयदेखि अनिश्चिततामा बसिरहेका अनगिन्ती व्यक्तिहरूलाई स्थिरता र सुरक्षा दिने उद्देश्यले नियमितीकरण नीति ल्याउनु महत्त्वपूर्ण कदम भएको बताउनुभयो र अगाडि बढ्ने क्रममा आमा शक्तिकरण योजना, SGAY, SUGAY, र अन्य योजनालगायत मुख्य

कार्यक्रमहरूलाई निरन्तरता र विस्तार गर्न आफूहरू समर्पित भएको बताउनुभयो। उहाँले भन्नुभयो,  हाम्रो लक्ष्य भनेको विकासका फलहरू प्रत्येक व्यक्तिकहाँ, विशेष गरी सीमान्तकृतहरूकहाँ पुगेको सुनिश्चित गर्नु हो। हामी एकजुट भई बलियो, अझ समावेशी सिक्किम निर्माण गर्न जारी राख्नेछौँ। कार्यक्रमका क्रममा, मुख्यमन्त्रीले "BiPaSa" को आफ्नो वाचालाई केन्द्रित गर्दै स्वास्थ्य सेवा, शिक्षा, र पूर्वाधार जस्ता प्रमुख क्षेत्रहरूका लागि बजेट 2024-25 बाट रकम कसरी वितरण गरिनेछ भनेर संक्षिप्त रूपमा वर्णन गर्नुभयो। उहाँले भन्नुभयो, हाम्रो प्रतिबद्धता प्रत्येक नागरिकको सेवा र उत्थानमा केन्द्रित छ, उनीहरूको आवाजले हाम्रा पहलहरूलाई आकार दिनेछ। हामी यस्तो समाज बनाउन कोसिस गर्छौँ  जहाँ सबैलाई फस्टाउने अवसर मिल्छ, र हामी जनताको हितमा वास्तवमै सुन्ने, बुझ्ने र काम गर्ने सरकार भएकोमा गर्व गर्छौं। यस अवसरमा सिक्किमका 22 सामुदायिक सङ्गठनका प्रतिनिधिहरूले सिक्किमे समाजलाई ऐक्यबद्ध गरेकोमा मुख्यमन्त्री श्री तामाङलाई सम्मान पनि जनाए।

**FM- RBI CBD MEETING-NSD**

वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले आज नयाँ दिल्लीमा पोस्ट-बजेट बैठकका क्रममा भारतीय रिजर्व ब्याङ्कको केन्द्रीय निर्देशक बोर्डसित बैठक गर्नुभयो। यो बैठक केन्द्रीय बजेट 2024-25 र लोकसभाले वित्त विधेयक पारित गरी सरकारद्वारा संसदमा केही संशोधन गरिएपछि बसेको हो। वित्तमन्त्रीले बैठकपछि सञ्चारकर्मीलाई

सम्बोधन गर्दै, सरकारले ल्याएको ब्याङकिङ नियमावली संशोधन लामो समयदेखि थाँतीमा रहेको बताउँदै, संशोधनमा सहकारी ब्याङ्किङ क्षेत्रसँग सम्बन्धित महत्त्वपूर्ण पुनर्गठनहरू समावेश गरिएको जानकारी दिनुभयो अनि  सबैभन्दा महत्त्वपूर्ण संशोधनहरूमा डाटा रिपोर्टिङ समावेश गरिएको बताउनुभयो।

**NIDM-WORKSHOP-NS**

राष्ट्रिय प्रकोप व्यवस्थापन संस्थानले प्रकोप व्यवस्थापनमा अन्तरिक्ष प्रविधिमा केन्द्रित एक दिवसीय राष्ट्रिय कार्यशाला आयोजना गरी पहिलो राष्ट्रिय अन्तरिक्ष दिवस 2024 पालन गरेको छ।  कार्यशालामा जोखिम मूल्याङ्कन र बाली बीमामा GIS, AI, र मेसिन लर्निङको प्रयोग लगायत प्रकोप व्यवस्थापनका विभिन्न पक्षबारे प्राविधिक सत्रहरू पनि आयोजना गरिएको थियो।

**Mission Revival of Barren Land: IPR**

अतिरिक्त जिल्लापाल कार्यालय पाकिमको सामुहिक प्रयासमा, बाँझो जमिनलाई खेतीयोग्य बनाउने महत्त्वपूर्ण उपलब्धि हासिल सम्भव भएको छ। यो सामुहिक उपलब्धिले अन्तर-विभागीय सहयोगको शक्तिलाई देखाउँदछ। **खेतीका लागि बाँझो जमिनको पुनरुत्थान** विषयको यस अभियानका उद्देश्यहरू ग्रामीण विकास, कृषि, बागवानी, पशुपालन, सहकारिता, सिँचाइ, र वन विभागहरूमाझ अन्तर-विभागीय सहकार्य स्थापित गर्नु; माटोको उर्वरता सुधार गर्नु र पानी संरक्षण गर्ने

प्रविधिहरू लागू गर्नु, अनि स्थानीय किसान र समुदायहरूका लागि जीविका अवसरहरू बढाउनु रहेको छ।

**Tashi Namgyal Tournament: Sagar Chettri**

सिक्किम पुलिस एघारले आज यहाँ पाल्जर स्टेडियममा जारी छोग्याल सर टाशी नामग्याल मेमोरियल स्वतन्त्रता दिवस फुटबल प्रतियोगिता 2024 मा कञ्चनजंगा फुटबल क्लब, सिलगढीलाई पराजित गऱ्यो। बक्सर प्रधानको एक गोलले सिक्किम पुलिस एघारलाई आजको तेस्रो क्वार्टर फाइनल खेलमा 1-0 ले विजय गराउँदै प्रतियोगिताको सेमिफाइनल चरणमा प्रवेश गर्न मद्दत गऱ्यो। आजको खेलमा खेलकुद तथा युवा मामिला विभागीय सचिव उपस्थित हुनुहुन्थ्यो। प्रतियोगिताको अन्तिम क्वाटरफाइनल खेल आइतबार दिउँसो गान्तोक हिमालय स्पोर्टिङ क्लब र डिफेन्डिङ च्याम्पियन खज्वल भेङ्थार फुटबल क्लब मिजोरामबीच हुनेछ।